बेलका नगरपालिका, उदयपुर
आर्थिक वर्षः २०८२/८३
नगर कार्यपालिका बैठक संख्याः १
मितिः २०८२/०४/१८ गते बिहानको ०८:०० बजे

प्रस्तावहरू

१. नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) व्यवस्थापन सम्बन्धमा ।

२. "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।

३. घरनक्सा नामसारी सम्बन्धमा ।

४. पूर्वाधार आयोजनाहरूको समीक्षा सम्बन्धमा ।

५. ऐलानी जग्गाको क्षेत्र प्रकृति वर्गीकरण सम्बन्धमा ।

६. जंगली हात्तीबाट भएको क्षति व्यवस्थापन सम्बन्धमा ।

७. करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

८. समिति गठन सम्बन्धमा ।

९. विविध ।

(क) घरनक्सा पास सम्बन्धमा ।

अशोक कार्की
नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

CamScanner

आज मिति २०८२ फागुन महिना १८ गते आईतबार बिहानको ८:००बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८२/०८३ को प्रथम बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१. | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री भरत घिमिरे | वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | निर्मला |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री रवि किरण आचार्य | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री नवीन कौशल | इन्जिनियर | बे.न.पा. | | |
| २२ | श्री हरिप्रसाद कट्टेल | प्रि. प्र. | बे.न.पा. | | |
| २३ | श्री अखिल भट्टराई | अ.प्र. | बे.न.पा. | | |
| २४ | श्री जिवानन्द राय | स.ई. | बे.न.पा. | | |
| २५ | श्री सुजता श्रेष्ठ | स.ई. | बे.न.पा. | | |
| २६ | श्री रमेश कार्की | | बे.न.पा. | | |

२७ श्री गोकुल के.सी. सहयोगी

रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलका नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी ठेक्का व्यवस्थापन भएमध्ये ठेक्केदार कम्पनी श्री लक्ष्मी भक्त निर्माण सेवा, बराहक्षेत्र, सुनसरीले आ.व. २०८२/८३ का लागि समेत मौज्दात प्रमाणित गरी विक्रि वितरण गर्ने अनुमति पाउँ भनी निवेदन पेश गरेको हुँदा सो सम्बन्धमा जिल्ला समन्वय समितिसमक्ष राय माग गर्ने र जिल्ला समन्वय समितिको राय प्राप्त भएपश्चात कोशी प्रदेशको आर्थिक ऐन, २०८२ को अनुसूची ६ को ३ र १४ बमोजिम राजस्व लिई विक्रि वितरणका लागि अनुमति दिनेनिर्णय गरियो । साथै IEE सम्बन्धी साविकको निर्णय बमोजिम यथाशीघ्र कार्यान्वयन प्रक्रिया अगाडि बढाई २०८२ भदौ १५ गतेसम्ममा IEE प्रतिवेदन जिल्ला समन्वय समिति समक्ष प्रस्तुत गरिसक्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दाबेलका नगरपालिका वडा नं. ८ बस्ने राजेन्द्र बहादुर कार्कीको नाति, गंग बहादुर कार्कीको छोरा वर्ष ४४ को टंक बहादुर कार्की र बेलका नगरपालिका ८ बस्ने भिम बहादुर कार्कीको नाति, शेर बहादुर कार्कीको छोरा वर्ष ३८ को भोजराज कार्कीले संयुक्त रुपमा निर्माण कम्पनी माता मालिका निर्माण सेवा प्रा.लि., बेलका -८ उदयपुर सञ्चालन गर्न मिति २०८२/०२/११ गते व्यवसाय दर्ता तथा "घ" वर्गको ईजाजत पत्र पाउँ भनी नगरपालिकामा निवेदन पेश गरेकोमा निवेदनसाथ संलग्न काजगातहरू अध्ययन गर्दा सम्पूर्ण मापदण्ड पुरा गरेको देखिएकाले निज निर्माण सेवालाई "घ" वर्गको ईजाजत पत्र र व्यवसाय दर्ता प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ९ निवासी रामजीवन राईको नाममा दर्ता कायम रहेको कि.नं. ५५९, क्षेत्रफल ०-०-८ को जग्गा साविक कञ्चनरुप नगरपालिका-५, सप्तरी हाल बेलका नगरपालिका -९ निवासी सुकनन्दन साहले उक्त जग्गा खरिद गरी सो जग्गामा रहेको आवासीय भवन नामसारी गरिपाउँ भनी निवेदन पेश गरेकोमा मिति २०७५/०१/२८ मा यस नगरपालिकाबाट रामजीवन राईको नाममा अभिलेख भएको भवन सुकनन्दन साहको नाममा नामसारी गर्ने निर्णय गरियो । साथै बेलका नगरपालिका वडा नं. ४ स्थित श्री नर्थ स्टार विद्यालयले प्रयोग गर्दै आएको शैक्षिक भवन व्यक्तिगत नामबाट संस्थागत नाममा नामसारी गरिपाउँ भनी पेश भएको निवेदन उपर छलफल हुँदा उक्त भवन शिक्षण सिकाई क्रियाकलापको लागि उपयुक्त भए/नभएको, अन्य मापदण्ड पुरा गरे/नगरेको र सुरक्षित रहे नरहेको विषयमा विषय विज्ञ (Structural Engineer) बाट यकिन गरी नामसारी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा बेलका नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत संघीय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित आयोजनाहरूको समीक्षा गरियो । उक्त योजनाहरूको यथाशीघ्र सर्भे, लागत अनुमान तयार गर्ने प्रक्रिया अगाडि बढाउने र वडा तथा नगर स्तरका तत्काल गर्नुपर्ने आयोजनाहरू वडाबाट सिफारिस गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

CS CamScanner

रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग, परिवर्तित भूमि समस्या समाधान आयोग ताहाचाल, काठमाडौंको प.स. २०८०/०८१ को च.नं. ४२, मिति २०८०-०४-२३ को पत्र अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाको ९ वटा वडाहरूमा कम्तिमा दश (१०) वर्षभन्दा बढी भोगचास भइ अवादिमा परिणत भएका ऐलानी जग्गाहरूलाई क्षेत्र प्रकृतिः शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र, ग्रामिण क्षेत्रमा वर्गीकरण गरी भूमि समस्या समाधान आयोगलाई उल्लिखित विवरण पेश गर्नुपर्ने भएकोहुँदा, भूमि सम्बन्धी ऐन २०२१ को अनुसुची २१, भूमि सम्बन्धी नियमावली २०७७ को नियम ४१ घ को उप नियम १ सँग सम्बन्धित बुँदा नं. ९ तथा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८१ को दफा ६ को उप दफा २ अनुसार यस बेलका नगरपालिकाको ९ वटा वडाहरूका वस्ति तथा टोलहरुलाई तपशील तीन क्षेत्र समूहमा तहगत क्षेत्र प्रकृति वर्गीकरण गर्ने निर्णय गरियो ।

तपशीलः

| वडा | क्षेत्र प्रकृति वर्गीकरण | | | कैफियत |
|---|---|---|---|---|
| | शहरी क्षेत्र | शहरोन्मुख क्षेत्र | ग्रामिण क्षेत्र | |
| १ | - | त्रियुगा ठाकुरबाबा यलम्बरहाङ टोल, खयरघारी टोल, स्कूल टोल, झाखृ टोल, सयपत्री टोल, विवेकशिल टोल, डिहिबार बाबा टोल, अभिनारायण टोल, भालमन्ति टोल, भौडाह टोल, पुरन्दह टोल, वल्ही टोल | बाँकि सबै टोल | |
| २ | - | बेलका टोल, सिद्धार्थ टोल, नमुना टोल, प्रगतिशिल टोल, राधाकृष्ण टोल, धाराखोला आदर्श टोल, सयपत्री टोल, लालगुँरास टोल, सुन्दर टोल, कन्चनजंगा, शिवालय टोल, पूर्व बेल्हा टोल, शक्तिशाली टोल, सिर्जनशिल टोल, जनजागरण टोल, विश्वास टोल | बाँकि सबै टोल | |
| ३ | - | जोगिनी टोल, बिराजे टोल, उज्यालो टोल, समृद्धि टोल, शान्ति चोक टोल, बुद्धप्रगति टोल। | बाँकि सबै टोल | |
| ४ | - | लाल बजार टोल, वरगाछी टोल, सुन्दरनगरी टोल, जनता टोल, सिर्जनशिल टोल, मिलन टोल | बाँकि सबै टोल | |
| ५ | - | प्रगतिशिल गलेनी टोल, सूर्यमूखी घुम्ने टोल, नवसिर्जना घुम्ने टोल, लालीगुँरास टोल, प्रगतिशिल घुम्ने टोल, सुखापोखरी टोल, आदर्श टोल, जहडा टोल, सगरमाथा टोल | बाँकि सबै टोल | |
| ६ | | लेकाली टोल (आधा भाग), रंगशाला टोल, | बाँकि सबै टोल | |

अशोक कार्की
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | विशालनगर टोल, सगरमाथा टोल, गणेशनगर टोल। | | |
| ७ | - | - | सबै टोल | |
| ८ | - | शसकोशी टोल, डुडखोला टोल, महाकाली टोल, रानी चौतारी टोल,राधाकृष्ण टोल, न्युदिव्यज्योति टोल, वरपिपल टोल, शान्तजागृति टोल | बाँकि सबै टोल | |
| ९ | शिवालय टोल, वरगाछी टोल, नमुना टोल | कामना टोल, सेवाकेन्द्र टोल, गौरव टोल, पुष्पाञ्जली टोल, जनता टोल, जनता टोल, देवीस्थान टोल, | बाँकि सबै टोल | |

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलका नगरपालिकामा समय समयमा जंगली हात्तीबाट बालीनाली तथा नागरिकको घरमा समेत क्षति हुने गरेको अवस्थामा सो वापतको राहत व्यवस्थापनका लागि क्षतिको गहनता हेरी वडा कार्यालयबाट तीन वर्गमा वर्गीकृत गरी नगरपालिका समक्ष सिफारिस गर्ने र सोहि सिफारिस बमोजिम नगरपालिकाको विपद व्यवस्थापन कोषबाट रु १००००, रु ७००० र रु ५००० रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलका नगरपालिकामा २०७४ देखि यता नगरपालिकामा सेवा करामा नियुक्त भई कामकाज गर्दै आएका कर्मचारीहरूमध्ये कतिपय कार्यक्रम Phase Out भएको, कतिपय कर्मचारीको तलब भत्ताको रकम सम्बन्धित कार्यक्रमबाट व्यवस्था नभएको तथा कतिपय कर्मचारी आवश्यकता भन्दा बढी रहेकोमा कर्मचारीहरूको सेवा निरन्तरता गर्ने वा नगर्ने भन्ने विषयमा बेलका नगरपालिका, नगरस्तरीय सुशासन समितिबाट आवश्यक अध्ययन गरी नगर कार्यपालिका समक्ष सिफारिस गर्ने गरी सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल व्यवसायिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिका, २०७९ को दफा ९ बमोजिम बेलका नगरपालिका स्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रम सीप परीक्षण समन्वय समिति बेलका नगरपालिकाका नगर प्रमुखज्यूको अध्यक्षतामा तपशील बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपशील:

१. बेलका नगरपालिकाका नगर प्रमुख - अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. श्री सम्मर ब. राई (प्राविधक धार सञ्चालन भएको मा.वि. का प्र.अ.)- सदस्य
४. नगरपालिकाका उद्यम शाखा प्रमुख - सदस्य
५. रोजगार संयोजक - सदस्य

CamScanner

६. शिक्षा अधिकृत - सदस्य सचिव

निर्णय नं. ९ प्रस्ताव नं. ९ विविध (क) माथि छलफल गर्दा नक्सापास नभएका घरहरूको विवरण तयार पारी मापदण्डभित्र आउन सार्वजनिक सूचना जारी गर्ने, घरनक्सा पास नगरी घर निर्माण गर्ने कार्यमा कडाईपूर्वक प्रतिवन्ध लगाउने साथै घरनक्सा पास नभएका घरहरूमा सार्वजनिक संघ संस्था, सो संस्थामा कार्यरत सार्वजनिक पद धारण गरेका कर्मचारी/पदाधिकारीहरूलाई घरभाडा लगाउन नपाइने गरी सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो

अशोक कार्की
नगर प्रमुख

रवि किरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत